बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नायकवाडा, जाजरकोट
६ नं. प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं.: मिति: २०७४/११/२५

## IT Officer सेवा करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति २०७४/११/२५)

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई, सिंहदरबार, काठमाण्डौको प.सं. ०७४/०७५, च.नं. १२७, मिति २०७४/०७/१७ गतेको सूचना प्रविधि अधिकृतको सेवा करारमा लिने सम्बन्धी पत्रानुसार तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा पुन: मिति २०७४1०1०३ मा निर्देशित पत्र अनुसार दोस्रो पटक सुचना प्रकाशन गरिएको छ । यस गाउँपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधीनमा रही **सूचना प्रविधि अधिकृत (IT Officer)** सेवा करारमा लिनु पर्ने भएकोले इच्छुक उम्मेदवारले यस गाउँपालिकाको कार्यालयमा रीतपुर्वक दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. **आवेदन दिने अन्तिम मिति :-** यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र ।

२. **शैक्षिक योग्यता :-** लोकसेवा आयोगद्धारा लिईने कम्प्यूटर अधिकृत पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थावाट Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BBIS, BCA, BCIS, BEIT, BSc, IT, Bsc.CSIT) BE. Electronics and Communication Engineering, तथा BTech Electronics and Communication Engineering को उपाधि हासिल गरेको ।

३. **सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण (TOR) :-** २०७४/०३/२८ गतेको स्वीकृत सचिव स्तरिय निर्णयमा उल्लेख भए बमोजिम ।

४. **संकलन गर्नुपर्ने कागजातहरु :-** व्यक्तिगत विवरण (Bio-Data), नेपाली नगरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, अनुभवका प्रमाणहरु ।

५. **आवेदन दिने तरिका :-** बुँदा नं. ४ मा उल्लेख भएका कागजातहरु एवं, बुँदा नं. ६ मा तोकिएको शुल्क नेपाल बैंक लिमिटेड, जाजरकोट स्थित यस कार्यालयको नाममा रहेको मूल संचित कोष खाता नं. ०७५०३००००००००४००१००५ मा जम्मा गरी जम्मा भएको भौचर संलग्न राखी गाउँपालिकामा स्वयम उपस्थित भई आवेदन दिनु पर्ने छ ।

६. **आवेदन शुल्क :-** रु १०००।०० (एक हजार मात्र ।।

७. **उम्मेदवार छनौटका आधारहरु देहाय बमोजिम हुनेछन् :-**

| क.सं. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १ | शैक्षिक योग्यता | ३० |
| २ | कार्य अनुभव (सुचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | ४० |
| ३ | उमेदवारको स्थायी ठेगाना | २० |
| ४ | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ICT Volunteer वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सुचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको | १० |

८. तलव स्केल :- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले तोके बमोजिम बेसिक तलव रु ४०,०००।- र थप दुर्गम भत्ता रु ७,५००।- हुनेछ ।

९. करार अवधि :- २०७५ असार मसान्त सम्म हुनेछ ।

१०. थप जानकारीको लागि सम्पर्क नं :- ९८५८००३०८०, ९८५८००३०७८, E-mail: barekotrm@gmail.com, www.barekotmun.gov.np

११. सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उमेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

नोट: उमेदवारले लोकसेवा आयोगको शाखा अधिकृत वा सो सरहको दरखास्त फारम अनुरुपको ढाँचामा विवरण भरि पेश गर्नुहोला ।

प्रमुख प्रशासकीय अधिकृत